**कनकाई नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**प्रदेश नं. १, जामुनबारी, झापा**

**कनकाई, बिर्तामोड र अर्जुनधारा नगरपालिकाहरुबाट उत्पादन हुने जैविक फोहरबाट संयुक्त रुपमाऊर्जा (बायोग्यास) परियोजना सञ्चालन गर्नको लागि योग्य आवेदक (लगानीकर्ता) छनौट गर्ने सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित मितिः२०७५/०६/१४**

१) नेपाल सरकारले विश्व वैंकबाट ***Scaling Up Renewable Energy Program (SREP):Extended Biogas Project***को लागि अनुदान प्राप्त गरेको र सो को केही अंश कनकाई, बिर्तामोड र अर्जुनधारानगरपालिका भित्र उत्पादन हुने फोहरलाई व्यवस्थित गरी संयुक्त रुपमा ऊर्जा उत्पादन गर्ने कार्यका लागि अनुदान स्वरुप खर्च गर्न चाहेको हुँदा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा विश्व वैंकबाट स्वीकृत विधि एवं प्रक्रिया बमोजिम देशका सम्पूर्ण योग्य लगानीकर्ताहरुको लागि यस नगरपालिकाबाट योग्यता सम्बन्धि यो सुचना आह्वान गरिएको छ ।

२) कनकाई, बिर्तामोड र अर्जुनधारा प्रदेश नं. १ अन्तर्गत झापा जिल्लामा रहेका नगरपालिकाहरुहुन् । यहाँबाट दैनिक रुपमा उल्लेखनीय परिमाणमा बिभिन्न प्रकारको फोहर उत्पादन भैरहेको छ । फोहरमैला व्यवस्थापन ऐन २०६८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकालाई यस्तो फोहरको व्यवस्थापन गर्ने अधिकार दिएको छ, तदनुसार यस नगरपालिकाहरुलेनगर क्षेत्रमा उत्पन्न हुने फोहरबाट ऊर्जा उत्पादन गर्ने लक्ष्य लिई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरेका छन् ।

३) यस प्रक्रियामा सहभागी हुन इच्छुक आवेदकहरुले कनकाईनगरपालिकाको कार्यालय, जामुनबारी, झापा वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, खुमलटार, ललितपुरबाट लिखित निवेदन पेश गरी योग्यता सम्बन्धि कागजातहरु प्राप्त गर्न सक्नेछन् । निवेदनको साथमा कम्पनी/फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७३।७४ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नुपर्नेछ । योग्यता सम्बन्धी कागजातहरु यो सुचना प्रकाशित भएको मितिले **३० औं दिन** (२०७५।०७।१२) भित्रमा कार्यालय समय सम्मनगरपालिका कार्यालय वा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट **रु १ हजार** मा खरिद गर्नु पर्नेछ ।

४) यस कार्यको पूर्व बोलपत्र वैठक मिति **२०७५/०६/२८ का दिन २:०० बजे**कनकाई नगरपालिकाको कार्यालयमा हुनेछ ।

५) योग्यता सम्बन्धी आवेदन तथा आवश्यक कागजातहरु शिलबन्दी रुपमा मिति **२०७५/०७/१३ का दिन १२:०० बजे** भित्र कनकाई नगरपालिकाको कार्यालयमा बुझाउनुपर्नेछ । ढिलो गरी प्राप्त कागजातहरु उपर कारवाही गरिने छैन ।

६) सीलबन्दी गरिएका कागजातहरु उपस्थित हुन चाहेका आवेदकहरुको रोहवरमा मिति **२०७५/०७/१३ का दिन २:००बजे** नगरपालिका कार्यालयमा खोलिनेछ । योग्यताका कागजातहरु खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि मान्य हुनेछन् ।

७) योग्यता सम्वन्धी कागजातहरु खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समय कायम हुनेछ ।

८) कुनै वा सबै योग्यताका कागजातहरु स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा रहनेछ ।

९) यस सम्बन्धि थप जानकारी नगरपालिका कार्यालय वा केन्द्रको निम्न उल्लिखित ठेगानामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ । योग्यता सम्बन्धि मूल्यांकनका आधारहरु योग्यता सम्बन्धीकागजातमा स्पष्ट उल्लेख गरिएको छ ।

१०. हाल यस परियोजनको विस्तृत परियोजना प्रतिवेदन (प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सहित) तीन नगरपालिकाहरुले संयुक्त रुपमा तयार भइरहेकोले छनौट हुने लगानीकर्ताले सो विस्तृत परियोजना प्रतिवेदनतथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम सम्झौता गरी कार्य अघि बढाउनु पर्ने हुन्छ ।

११. लगानीकर्ताको तर्फबाट यदि विस्तृत परियोजना प्रतिवेदनमा परिमार्जन गर्नुपर्ने आवश्यक देखिएमा विस्तृत परियोजना प्रतिवेदन प्राप्त भएको मितिले १५ दिनभित्र अवश्यक परिमार्जन सहित केन्द्रको प्राविधिक मूल्यांकन समिति समक्ष पेश गर्नुपर्नेछ ।

| **कनकाईनगरपालिका** | | **वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र** |
|---|---|---|
| नगरकार्यपालिकाको कार्यालय | | खुमलटार, ललितपुर |
| जामुनबारी, झापा | | फोन नं: ०१-५५३९३९०/५५३९३९१ |
| फोन नं : ०२३-४०११५५ | | इमेल: info@aepc.gov.np |
| इमेल:kanakai.mun@gmail.com | | वेवसाइट: www.aepc.gov.np |
| वेवसाइट:www.kankaimun.gov.np | | |

देवेन्द्र कार्की

प्रमुख प्रशासकीय अधिकृत